नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पाल्पा



## स्वतः प्रकाशन

## (Proactive Disclosure)

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम

२०८० साल श्रावण, भाद्र र आश्विन महिनामा

सम्पादित कार्यहरुको विवरण

<u>प्रकाशक</u>

नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, पाल्पा

## प्रमुख जिल्ला अधिकारीको भनाई

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था गरिएको छ । सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ। सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउनु यसको उद्देश्य रहेको छ ।

राज्यका काम कारवाही लोकतान्त्रिक पद्दति अनुरुप खुला र पारदर्शी भई नागरिक प्रति जवाफदेही र जिम्मेवार हुने सुशासनको अवधारणा अनुरुप कार्य संचालन गर्न जिल्ला प्रशासन कार्यालयबाट २०८० साल **श्रावण, भाद्र र आश्विन** महिनासम्म सम्पादित नागरिकता प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, विद्युतीय राहदानी, पेन्सन तथा अन्य सिफारिश र दैनिक प्रशासन संचालन सम्बन्धि कार्यहरुको प्रगति विवरण अध्यावधिक गरी यो **स्वत: प्रकाशन (Proactive Disclosure)** प्रकाशन गरिएको छ ।

यसबाट नागरिकको सूचनाको हकको संरक्षण र संवर्द्धन भई प्रदान गरिने सेवामा आम नागरिक र सरोकारवालाहरु सु-सूचित हुने विश्वास लिएको छु। साथै सूचनाको हकको कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालयको समन्वय, अग्रसरता र प्रतिवद्धता सदैव रहि रहनेछ।

२०८०, आश्विन ३०

(बन्धु प्रसाद बास्तोला)
प्रमुख जिल्ला अधिकारी

# सूचना सार्वजनिक गर्ने निकायको नामः-जिल्ला प्रशासन कार्यालय, पाल्पा ।
# सूचना सार्वजनिक गरेको अवधिः- आर्थिक वर्ष २०८०/८१
# श्रावण, भाद्र र आश्विन महिना

## १. जिल्ला प्रशासन कार्यालय, पाल्पाको कार्य र प्रकृतिः-

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने, नागरिकता प्रमाणपत्र सम्बन्धि सेवा प्रदान गर्ने, स्थानीय प्रशासन सम्बन्धि कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सार्वजनिक शान्ति विरुद्धका कसुर, उपभोक्ता हित लगायत विशेष ऐनले प्रत्यायोजन गरे अनुसारका अर्धन्यायिक कार्यको शुरु कारवाही र न्यायिक निर्णय गर्ने साथै विकासात्मक कार्यहरुमा समन्वय, सहजीकरण गर्नु जिल्ला प्रशासन कार्यालय, पाल्पाका मुख्य-मुख्य कार्यहरु हुन्। बिधुतीय राहदानी सम्वन्धि सेवा, राष्ट्रिय परिचयपत्र र फोटो सहितको मतदाता नामावली सम्वन्धि ईकाईको सञ्चालन गरी सेवा प्रदान गर्ने, बिभिन्न प्रकारका सिफारिस तथा प्रमाणित गर्ने कार्य, सुशासन प्रर्वद्धन गर्न पहरेदारी गर्ने यस कार्यालयबाट सम्पादित सम्पूर्ण कार्यहरुका बारेमा सरोकारवालाहरुलाई सूसुचित गराई प्राप्त पृष्ठपोषणका आधारमा निरन्तर सुधार गरी पारदर्शी र सु-शासनयुक्त कार्य प्रणाली बनाउने उद्देश्य रहेको छ ।

## २. जिल्ला प्रशासन कार्यालय, पाल्पाको दृष्टिकोण, लक्ष्य, उद्धेश्य र रणनीति देहाय बमोजिम रहेका छन्।

### २.१ दृष्टिकोण

जिल्लामा प्रभावकारी शान्ति सुरक्षा र सुशासन कायम गर्ने ।

### २.२ लक्ष्य

नेपालको संविधान तथा कानूनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्दै शान्ति सुरक्षा र सुशासन कायम गर्ने रहेको छ । जनताको माग र आधारभूत आवश्यकता अनुरुप स्थानीय प्रशासनलाई सञ्चालन गरी जिल्लामा भरपर्दो शान्ति-सुरक्षा कायम गरी सुशासनको प्रत्याभूति दिने यस कार्यालयको लक्ष्य रहेको छ ।

## २.३ उद्देश्य

जिल्लामा शान्ति-सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने, सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गराउने यस कार्यालयको मूलभूत उद्देश्यहरु रहेका छन्।

# ३. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार

- जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम राख्ने ।
- जिल्लामा संचालित विकासको कार्यहरुमा सहयोग र समन्वय गर्ने
- जिल्लाभित्र नेपाल सरकार, जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिकाले संचालन गरेका विकास कार्यहरुमा सहयोग पुर्याउने।
- जिल्लाभित्र रहेका नेपाल सरकारको सम्पत्तिहरूको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने।
- नेपाली नागरिकता प्रमाणपत्र जारी गर्ने ।
- बिद्युतीय राहदानी सम्बन्धी कार्य गर्ने ।
- हातहतियारको इजाजत प्रदान तथा नविकरण गर्ने ।
- संस्था दर्ता तथा नविकरण गर्ने ।
- जिल्लामा आइपर्ने विपद्हरुको व्यवस्थापन गर्ने ।
- जिल्लामा बस्तुहरुको आपूर्तीलाई व्यवस्थित गर्ने ।
- जिल्लास्थित सार्वजनिक निकायहरुको कार्य सम्पादनमा समन्वय गर्ने ।
- नावालक परिचय पत्र जारी गर्ने ।
- प्रचलित कानून, नीति, निर्देशन बमोजिम नेपाल सरकारको प्रतिनिधिको रुपमा कार्य गर्ने ।
- सस्था दर्ता ऐन, २०३४ बमोजिम संस्था दर्ता तथा नविकरण गर्ने
- स्थानीय प्रशासन ऐन र अन्य प्रचलित कानून बमोजिम प्रमुख जिल्ला अधिकारीको क्षेत्राधिकार भित्र पर्ने मुद्दा मामिलाको कारवाही र किनारा गर्ने ।
- प्रचलित कानून र नेपाल सरकारको निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने ।

## ४. संगठनात्मक संरचना एवं दरबन्दी

### जिल्ला प्रशासन कार्यालय, पाल्पाको स्वीकृत कर्मचारी दरबन्दी र कार्य विवरण:-

| सि.नं. | पद | श्रेणी | संख्या | पूर्ति | रिक्त | कार्य बिवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प. प्रथम | १ | १ | - | जिल्लामा शान्ति सुव्यवस्था, सुशासन र सुरक्षा व्यवस्था मिलाउने । | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्धितीय | १ | १ | - | प्रमुख जिल्ला अधिकारीबाट प्रत्यायोजित अधिकार बमोजिमका कार्यहरु गर्ने। | |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतिय | २ | २ | - | प्रमुख जिल्ला अधिकारीबाट प्रत्यायोजित अधिकार बमोजिमका कार्यहरु गर्ने। | |
| ४ | नायब सुब्बा | रा.प.अनं प्रथम | ७ | ७ | - | फाँट प्रमुख भई सम्वन्धित फाँटलाई तोकिएका कार्यहरु सम्पादन गर्ने। | |
| ५ | लेखापाल | रा.प.अनं प्रथम | १ | १ | - | आर्थिक ऐन तथा नियमावली बमोजिम लेखा सम्बन्धि कार्य गर्ने | |
| ६ | कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | २ | १ | १ | सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धि कार्य गर्ने । | करार १ |
| ७ | खरिदार | रा.प.अनं. द्धितीय | ४ | २ | २ | सम्वन्धित फाँट प्रमुखको मातहतमा रही तोकिएको कार्य सम्पादन गर्ने। | |
| ८ | हलुका सवारी चालक | श्रेणी विहिन | २ | २ | - | सवारी साधन चलाउने र आवश्यकता अनुसार कार्यालयको अन्य कामकाज गर्ने। | करार २ |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ | ७ | - | कार्यालयको सरसफाइ लगायत आवश्यकता अनुसार कार्यालयको अन्य कामकाज गर्ने। | करार ७ |
| | जम्मा स्थायी कर्मचारी दरवन्दी संख्या | | २७ | २४ | ३ | | |
| राष्ट्रिय परिचय पत्र विवरण दर्ता अपरेटर (करार) | | | २ | | | नेपाली नागरिकहरुको राष्ट्रिय परिचय पत्र दर्ता प्रविष्ट गर्ने | |
| राष्ट्रिय परिचय पत्र दर्ता सहयोगी (करार) | | | १ | | | नेपाली नागरिकहरुको राष्ट्रिय परिचय पत्र दर्ता प्रविष्ट गर्न सहयोग गर्ने | |

## ५.जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट प्रदान गरिने सेवाको विवरणहरु :-

### ५.१ शान्ति सुरक्षा सम्बन्धी कार्य:

- जिल्लामा शान्ति-सुरक्षा कायम राख्ने ।
- सामाजिक अपराध न्यूनिकरणका लागि समुदाय स्तरमा सचेतीकरण गर्ने ।
- सुरक्षा निकायहरुको परिचाल गर्ने ।
- शान्ति-सुरक्षा सम्बन्धी निवेदन, ठाडो उजुरी र गुनासो व्यवस्थापन ।
- शान्ति सुरक्षा कायम गर्न स्थानीय तह, नागरिक समाज तथा सरोकारवालाहरु सँग सहकार्य गर्ने ।

### ५.२ स्थानीय प्रशासन सम्बन्धी कार्य:

- नागरिकता वितरण
    - वंशजको आधारमा नागरिकता
    - अंगिकृत नागरिकता
- राहदानी सिफारिश तथा वितरण।
- नाबालक परिचयपत्र।
- जनजाती/दलित प्रमाणित।
- साविकमा जारी भएका नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि।
- हातहतियार र खरखजानाको इजाजत, नविकरण र नियन्त्रण।
- संस्था दर्ता, संस्था नविकरण, विधान संशोधन, पत्रिका दर्ता, छापाखाना दर्ता र संचालन स्वीकृति।

### ५.३ अनुगमन सम्बन्धी कार्य:

- बजार अनुगमन (स्थानीय तहको समन्वयमा)
- जिल्ला स्थित कार्यालयहरुको समन्वय र अनुगमन
- विकास निर्माण कार्यमा सहयोग, समन्वय र सहजिकरण

### ५.४ विपद व्यवस्थापन सम्बन्धी कार्य:

- जिल्ला विपद् सम्बन्धी कार्ययोजना निर्माण
- मनसुनपूर्व आपतकालीन कार्ययोजना
- विपद् न्यूनीकरणका लागि तयारी
- विपद प्रतिकार्य पूर्वयोजना, खोजी, उद्दार, सहयोग, क्षतिपूर्ति

### ५.५ द्वन्द्व पिडितहरुलाई राहत वितरण।

### ५.६ मुद्दा तथा ठाडो उजुरी सम्बन्धी

- सार्वजनिक मुद्दा।
- गुनासो वा ठाडो उजुरी।

### ५.७ हातहतियार इजाजत तथा नवीकरण सम्बन्धी

- हातहतियार नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण।

### ५.८ संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा

- संस्था दर्ता/नविकरण।
- संस्थाको विधान संशोधन।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति।

### ५.९ राष्ट्रिय परिचय पत्र सम्बन्धी सेवा

- नागरिकता प्रमाण पत्र लिएका व्यक्तिहरुको वैयक्तिक तथा जैविक विवरण संकलन गर्ने।
- राष्ट्रिय परिचय पत्र नम्वर र कार्ड वितरण गर्ने ।

### ५.१० विविध कार्य

- गुनासो सुनुवाई गर्ने ।
- विकास आयोजनाहरुको कार्यान्वयनमा समन्वय गर्ने ।
- स्थानीय तहहरुसँग समन्वय गर्ने ।
- सरकारी निकायबाट हुने सार्वजनिक सेवा प्रवाहको अनुगमन गर्ने ।
- नेपाल सरकार, गृह मन्त्रालय, लुम्बिनी प्रदेश, गृह मन्त्रालय राप्ती उपत्यका (देउखुरी) लगायत अन्य तालुक निकायबाट प्राप्त निर्देशन अनुसार कार्य गर्ने तथा प्रतिवेदन गर्ने।

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः-

| सि.नं. | शाखा | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|
| १ | नागरिकता तथा प्रतिलिपी शाखा | यज्ञश्वर पन्थी, प्रशासकीय अधिकृत (९८५७०६१७५६) | |
| २ | मुद्दा तथा हातहतियार शाखा | रमा श्रेष्ठ, प्रशासकीय अधिकृत (९८५७०६५५९०) | |
| ३ | राहदानी तथा जिन्सी दर्ता शाखा | रमा श्रेष्ठ, प्रशासकीय अधिकृत | सहायक प्रमुख जिल्ला अधिकारी भक्ति सरा राना ९८५७०६०३३३ |
| ४ | अभिलेख व्यवस्थापन शाखा | यज्ञश्वर पन्थी, प्रशासकीय अधिकृत | |
| ५ | आर्थिक प्रशासन शाखा | मन बहादुर थापा, लेखापाल (९८५७०७७५०१) | |
| ६ | राष्ट्रिय परिचयपत्र | मधु पाण्डे विवरण दर्ता अपरेटर (९८६६२६७६७९) | |

## ७. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः-

| सि.नं. | सेवाको किसिम | दस्तुर | सेवाको समय लागत |
|---|---|---|---|
| १ | नागरिकता प्रमाणपत्र- | | |
| | क) वंशजको आधारमा | रु. १० को हुलाक टिकट | अंग पुगी पेश भएको १ घण्टाभित्र |
| | ख) बैवाहिक अङ्गिकृत नागरिकताको हकमा | रु. १० को हुलाक टिकट | अंग पुगी पेश भएको १ घण्टाभित्र |
| | ग) नागरिकता प्रतिलिपि | रु. १० को हुलाक टिकट | अंग पुगी पेश भएको १ घण्टाभित्र |
| २ | क) नाता प्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ख) नाबालक परिचयपत्र | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |

| | | | |
|---|---|---|---|
| | ग) नाम थर प्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | घ) पेन्सन सम्बन्धि कागजात सिफारिस | रु. १० को हुलाक टिकट | आवश्यक कागजात सहित निवेदन पेश भएको १ घण्टाभित्र |
| | ङ) अन्य विवरण प्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | च) जनजाती/दलित प्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| ३ | क) ठाडो उजुरी | रु. १० को हुलाक टिकट | १५ मिनेट भित्रै |
| | ख) संस्था दर्ता | रु.१,००० ।- | अंग पुर्याई पेश भएकोमा सोही दिन (प्रहरी प्रतिवेदन र सम्बन्धीत निकायवाट जवाफ प्राप्त भएको दिन) |
| | ग) संस्था नविकरण | रु ५००।- | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | घ) पत्रिका दर्ता | रु.१,००० ।-, ७५०।-, ५००।-, ३००।- र २००।- क्रमशः दैनिक, अर्ध साप्ताहिक, साप्ताहिक, पाक्षीक र मासिक र अन्य | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ङ) छापाखाना दर्ता | रु.१,००० ।- | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | च) हातहतियार इजाजत | तोकिए बमोजिम । | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | छ) हातहतियार नवीकरण | तोकिए बमोजिम । | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ज) शैक्षिक योग्यताको प्रमाणपत्रको आधारमा नाम, थर र उमेर संशोधन | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| ४. | विद्युतीय राहदानी<br>क) केन्द्रबाट लिनको लागि | रु. १२,००० ।– | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |
| | ख) बिग्री च्यातिई काम नलाग्ने भएको वा हराएको | रु.१०,००० ।– | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |
| | ग) यसै कार्यालयबाट लिने वा म्याद नाघेको राहदानी | रु.५,००० ।– | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |
| ५ | दैवी प्रकोप राहत | रु. १० को हुलाक टिकट | आवश्यक कागजात सहित निवेदन पेश भएको १ घण्टाभित्र |

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारः-

प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम सहायक प्रमुख जिल्ला अधिकारी र प्रशासकीय अधिकृतहरुबाट कार्यान्वयन हुने ।

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी :- प्रमुख जिल्ला अधिकारी

## १०. सम्पादन गरेको कामको त्रैमासिक विवरणः-

- पाल्पा जिल्लाको अपराध नक्सा सहितको एकीकृत रणनीतिक सुरक्षा योजना, एकीकृत रणनीतिक सुरक्षा योजना (क्षेत्रगत कार्ययोजना) स्वीकृत गरि कार्यान्वयन गरिएको ।
- जिल्लामा संचालित विकास निर्माणसंग सम्बन्धित आयोजनाहरुमा आइपरेका समस्या समाधानका लागि समन्वय तथा सहजीकरण गरिएको ।
- प्रमुख जिल्ला अधिकारीज्यूबाट विभिन्न मितिमा सशस्त्र प्रहरी बल गुल्म हे.क्वा.,प्रहरी चौकीहरुको निरीक्षण गरी सुरक्षाकर्मीहरुलाई कर्तव्यपालन गर्न, सम्भावित विपद्का घटना प्रति सचेत रहन, विपद् घटना व्यवस्थान र समन्वय गर्न, मुस्कान सहितको सेवामैत्री/पिडितमैत्री व्यवहार गर्न, दशै तिहार जस्ता चार्डपर्वमा विशेष सुरक्षा व्यवस्था मिलाई ट्राफिक नियमलाई कडाईका साथ पालना गर्न साथै सुरक्षाका पक्षमा ध्यान दिन निर्देशन दिईएको ।

| सि.नं. | निरीक्षण मिति | स्थान | कैफियत |
|---|---|---|---|
| १ | २०८०/०६/११ | अस्थायी प्रहरी पोष्ट सराई, माथागढी गा.पा. | |
| २ | २०८०/०६/१३ | प्रहरी चौकी ताहुँ, रम्भा गा.पा. | |
| ३ | २०८०/०६/२९ | सशस्त्र प्रहरी बल नेपाल नं.३५ गुल्म हे.क्वा. | |

- सार्वजनिक सेवा प्रवाहलाई सरल र सहज तथा चुस्त राख्न सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा मिति २०८०/०६/८ गते जिल्ला स्थित ४ वटा कार्यालयहरुको छड्के निरीक्षण तथा कार्यालयबाट सम्पादन भए गरेका कार्यहरुको सम्वन्धमा विभिन्न २३ वटा सूचकहरुमा अनुगमन गरी सरकारी सेवा सुविधालाई प्रभावकारी बनाई सार्वजनिक सेवा प्रवाहलाई सहज र सरल तथा चुस्त राख्न सुझाव दिईएको ।आकस्मिक रुपमा गरिएको निरीक्षणमा कर्मचारीहरुलाई नियमित पोशाक लगाउन, समय पालना गर्न तथा अनुशासन कायम गर्न निर्देशन दिईएको ।
- बजारमा कृत्रिम अभाव, जम्माखोरी, कालो बजारी हुन, गर्न नदिन र दैनिक उपभोग्य वस्तुको आपूर्ति, वितरण कार्यको लागि तानसेन नगरपालिका लगायत अन्य पालिकाहरुमा व्यापार व्यवसायलाई मर्यादित र उपभोक्ताहरुलाई गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउने उद्देश्यले ९ पटक संयुक्त बजार अनुगमन गरिएको थियो ।मापदण्ड विपरित कारोवार गर्ने १५ वटा पसलहरुलाई उपभोक्ता संरक्षण ऐन २०७५ बमोजिम जरिवाना गरिएको छ ।

| सि.नं. | अनुगमन गरिएको मिति | अनुगमन गरिएको स्थान | अनुगमन गरिएको पसल संख्या | अनुगमन गरिएको बस्तु तथा सेवाको प्रकार |
|---|---|---|---|---|
| १ | २०८०।४।१ | तानसेन न.पा. ४ | २५ | खाद्य सामाग्री तथा पेय पदार्थ |
| २ | २०८०।४।८ | तानसेन न.पा | १५ | औषधी पसल -१३, अक्कुपञ्चर केन्द्र -१ आयुर्वेद औषधी पसल -१ |
| ३ | २०८०।४।१९ | तानसेन न.पा | ९ | आयुर्वेद औषधी पसल-७,अक्कुपञ्चर केन्द्र २ |
| ४ | २०८०।५।३ | तानसेन न.पा | ९ | गल्ला तथा किराना पसल(७ वटा पसललाई जरिवाना गरिएको) |
| ५ | २०८०।६।१६ | रिब्दिकोट गा.पा | ३८ | किराना, गल्ला पसल, सुनचाँदी पसल, होटल रेष्टुरेण्ट (८ वटा पसललाई जरिवाना गरिएको) |
| ६ | २०८०।६।२२ | रामपुर नगरपालिका | १७ | किराना र खाजा पसल |
| ७ | २०८०।६।२२ | रामपुर नगरपालिका | १३ | मासु पसल |
| ८ | २०८०।६।२३ र २०८०।६।२५ | माथागढी गा.पा. | ३८ | किराना, होटल, रेष्टुरेण्ट, मोबाइल, फलफूल, मेडिकल,फेन्सी, गल्ला, कष्मेटिक्स आदि |
| ९ | २०८०।६।३० | तानसेन न.पा. | २९ | मासु पसल |







- यस त्रैमासिकमा ३१७३ जना नागरिकहरुको राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन गरिएको।

## ११. जिल्ला प्रशासन कार्यालय पाल्पाबाट सम्पादित कार्यहरुको विवरण

| सि.न. | विषय | सम्पादन गरेको काम | साउन | भदौ | असोज | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सेवा प्रवाह | नयाँ नागरिकता वितरण वंशज | १११६ | ५९६ | ५८१ | २२९३ |
| २ | | वैवाहिक अंगीकृत नागरिकता | - | - | - | - |
| ३ | | प्रतिलिपि नागरिकता | ४२७ | २९३ | २६२ | ९८२ |
| ४ | | विद्युतिय राहदानी दर्ता | १२४१ | ९४५ | ८४५ | ३०३१ |
| ५ | | विद्युतिय राहदानी द्रुत सिफारिस | १० | २१ | २१ | ५२ |
| ६ | | एम.आर.पि. र विद्युतिय राहदानी वितरण | ९८३ | १२५२ | ९८६ | ३२२१ |
| ७ | | संस्था दर्ता | २ | ४ | ३ | ९ |
| ८ | | संस्थाको विधान संशोधन | - | - | १ | १ |
| ९ | | अन्य जिल्लामा दर्ता भई यस जिल्लामा स्विकृति दिएको संस्थाको संख्या | - | - | - | - |
| १० | | गत बर्षवाट जिम्मेवारी सरेका मुद्दा | ४ | - | - | ४ |
| ११ | | चालु.आ.ब.मा भएको मुद्दा दर्ता | ५ | - | - | ५ |
| १२ | | संस्था नविकरण | २ | ११ | ५१ | ६४ |
| १३ | | हातहतियार नविकरण | ७ | २ | ३ | १२ |
| १४ | | मुद्दा फैसला | ३ | २ | २ | ७ |
| १५ | | ठाडो उजुरी परेको संख्या | १ | ४ | २ | ७ |
| १६ | | ठाडो उजुरी फछ्यौट संख्या | १ | ४ | २ | ७ |
| १७ | | विस्फोटक पदार्थ इजाजत पत्र | - | - | - | - |
| १८ | | विस्फोटक पदार्थ इजाजत पत्र नविकरण | - | - | - | - |
| १९ | | नाबालक परिचयपत्र | २२ | १९ | २२ | ६३ |
| २० | | व्यक्ति प्रमाणित लगायतका सिफारिस | १६५ | १७७ | १६५ | ५०७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | | राष्ट्रिय परिचयपत्र विवरण संकलन | १३५४ | ९४६ | ८७३ | ३१७३ |
| २२ | महत्वपूर्ण बैठक | जिल्ला सुरक्षा समितिको बैठक | ३ | २ | २ | ७ |
| २३ | | अन्तर जिल्ला सुरक्षा बैठक | - | - | - | - |
| २४ | | विपद् व्यवस्थापन समितिको बैठक | १ | - | - | १ |
| २५ | | जिल्ला विपद् व्यवस्थापनको क्षेत्रमा क्रियाशिल सरकारी तथा गैर सरकारी संस्थाको बैठक | - | - | - | - |
| २६ | | राजनीतिक दलसंग समन्वय बैठक | - | - | १ | १ |
| २७ | | कार्यालय प्रमुख बैठक | १ | १ | १ | ३ |
| २८ | | कार्यालय कर्मचारी बैठक | १ | १ | १ | ३ |
| ३० | | सूचना अधिकारीहरु संगको बैठक | ० | - | १ | १ |
| ३२ | | DEOC/LEOC को समन्वयात्मक बैठक | ० | १ | ० | १ |
| ३३ | | स्थानिय तहमा अपराध न्यूनिकरण सम्बन्धि सचेतना कार्यक्रम | - | ३ | १ | ४ |
| ३४ | | लागु औषध नियन्त्रण सम्बन्धि युवा लक्षित सचेतना कार्यक्रम | - | - | १ | १ |
| ३५ | | अर्धन्यायिक र सुरक्षा निकायमा कार्यरत कर्मचारीहरुको लागि न्यायिक क्षमता अभिवृद्धि कार्यक्रम | - | - | १ | १ |
| ३७ | | प्रहरी कर्मचारीहरुका लागि राजस्व सम्बन्धि अभिमुखिकरण कार्यक्रम | - | - | १ | १ |
| ३८ | | कृत्रिम अभ्यास सन्चालन | - | - | १ | १ |
| ३९ | | लागु औषध निषेध व्यवस्थापन सम्बन्धि जिल्ला अनुगमन तथा समन्वय समितिको बैठक | - | - | - | - |
| ४१ | | राजमार्ग (सडक) अवरोध हटाउने जिल्ला स्तरिय समन्वय समितिको बैठक | - | - | १ | १ |
| ४२ | | कसुरजन्य सम्पत्तिको जिल्ला स्तरीय अनुगमन तथा मूल्याङकन समितिको बैठक | - | - | १ | १ |
| ४३ | | यातायात व्यवस्थापन समितिको बैठक | - | - | १ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४४ | | मुआब्जा तथा क्षतिपूर्ति निर्धारण समितिको बैठक | १ | - | - | १ |
| ४५ | | कार्यालय अनुगमन | ० | - | ४ | ४ |
| ४६ | | सुरक्षा निकायको अनुगमन | ० | - | ३ | ३ |
| ४७ | अनुगमन | बजार अनुगमन | ३ | १ | ५ | ९ |
| ४८ | | संघ/संस्थाको अनुगमन | २ | २ | २ | ६ |
| ४९ | | राजस्व संकलन | ६८,६३,०००/- | ५२,७६,७००/- | ४४,९१,५७०/- | १६६३१२७०/- |
| ५० | | विपद् पिडित परिवार संख्या | - | ७ | ६ | १३ |
| ५१ | | विपद् पिडितलाई राहत रकम | - | ६००००/- | ८०,०००/- | १४००००/- |
| ५२ | | विपद् प्रकोपवाट मृत्यु | - | - | - | - |
| ५३ | विपद् प्रकोप सम्बन्धी | विपद् प्रकोपवाट मृतकलाई राहत रकम प्रदेश बजेट तर्फवाट | - | - | - | - |
| ५४ | | सवारी दुर्घटनाबाट मृत्यु भएका परिवारलाई दिलाइएको किरिया खर्च रकम | - | ४००००००/- | १००००/- | ४१५००००/- |
| ५५ | | सवारी दुर्घटनाबाट मृत्यु भएका परिवारलाई दिलाइएको बीमा रकम | ३२०००००/- | २०००००/- | १५०००००/- | ४७०००००/- |

## १२. विपद् व्यवस्थापन सम्बन्धी मुख्य कार्य

- विपद् व्यवस्थापन तथा जोखिम न्युनिकरण ऐन २०७४ को परिच्छेद ७ को दफा १६ बमोजिम जिल्ला स्तरमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जिल्ला विपद् व्यवस्थापन समितिको गत बैठकका विभिन्न निर्णयहरु कार्यान्वयन गरिएको।
- बिपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८० स्वीकृत गरि कार्यान्वयन गरिएको ।
- जिल्ला स्तरीय QRT/IRT कार्य योजना स्वीकृत गरि कार्यान्वयन गरिएको
- यस वर्षको मनसुनको समयमा मुख्य लोकमार्गहरुमा विशेष गरी बुटवल -पाल्पा सडकको सिद्धबाबा खण्डमा बढी जोखिम हुने हुँदा सो क्षेत्र, पाल्पा- पोखरा सडक खण्ड र पाल्पा — गुल्मी सडक खण्डमा बाढी, पहिरोका कारण हुन सक्ने अवरोध हटाई २४ सै घण्टा लोकमार्गहरु सुचारु राख्न सडक डिभिजन कार्यालय पाल्पा, कालिगण्डकी कोरिडोर सडक योजना कार्यालय र सडक पूर्वाधार विकास कार्यालय पाल्पाले आ-आफ्नो कार्य क्षेत्र अन्तर्गत सम्भावित बढी जोखिमयुक्त स्थानमा डोजर/स्काभेटर Stand by राख्ने व्यवस्था मिलाईएको।

- स्थानीय तहबाट (निस्दी गा.पा. वडा नं. ३ मा विगत वर्ष र यस वर्ष भएको अबिरल बर्षाको कारणले क्षती भएका १९ वटा घरहरुको) मनसुनजन्य विपद् प्रभावित निजी आवास पुननिर्माण तथा पुर्नस्थापना अनुदान वितरण कार्यविधी, २०७८ बमोजिम Online entry गरी Verification र Approve भै आएको विवरणलाई पुर्नलाभको लागि स्वीकृती र सिफारिस गरिएको ।
- १० वटै स्थानीय तहमा RRT र सबै सुरक्षा निकायमा QRT गठन गरी परिचालन गरिएको
- बर्षातको समयमा नदी नालामा माछा मार्ने पौडी खेल्ने र काठ दाउरा संकलन गर्ने जस्ता कार्यहरुलाई निषेध गरिएको
- कम्तीमा ३ महिनाको लागि पुग्ने खाद्यान्न, इन्धन र राहत सामग्रीको भण्डारण र व्यवस्थापनको पहल गरिएको
- चालु आ.व.को श्रावण र भाद्र महिना भरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गर्न रोक लगाइएको ।
- पाल्पा जिल्लामा डेंगी रोगको संक्रमण बृद्धि हुँदै गैरहेको र ३ जनाको दु:खद निधन समेत भैसकेको सन्दर्भमा स्थानीय तह तथा सुरक्षा निकायहरु समेतको सहभागितामा, स्थानीय नागरिकहरुलाई समेत परिचालन गरि कार्यालय परिसर/घर कम्पाउण्ड लगायत स्थानहरुमा सफा पानी जम्मा हुन नदिन सरसफाई अभियान संचालन गर्ने, लामखुट्टे नियन्त्रणका सबै उषायहरु अवलम्वन गर्ने तथा रोगका लक्षण तथा बच्ने उपायहरुका बारेमा व्यापक प्रचार प्रसार गर्ने, लक्षण देखिएमा तत्काल नजिकको स्वास्थ्य संस्थामा लैजाने व्यवस्था स्वास्थ्य कार्यालय र स्थानीय तहहरुले मिलाउने गरी व्यवस्थापन गरिएको ।साथै स्वास्थ्य संस्थाहरुमा डेंगी परिक्षण गर्ने कीट र अत्यावश्यक औषधीहरुको आपूर्ती र न्यूनतम भण्डारणको समेत व्यवस्था मिलाईएको ।
- जिल्लामा आँखा पाक्ने रोगको संक्रमण तिव्र गतिमा बृद्धि हुँदै गैरहेको सन्दर्भमा सोबाट जोगिने उपायहरु, उपचार थप संक्रमण हुन नदिन जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहहरुले सम्वन्धित संघ/संस्था/अस्पतालसंग समन्वय गरी प्रचार प्रसार गर्ने, चेक जाँच तथा उपचारको व्यवस्था मिलाउने । साथै औषधिको अभाव हुन नदिने, अस्पताल तथा स्वास्थ्य संस्थामा संक्रमित विरामीहरुलाई छुट्टै स्थानमा चेक जाँचको गर्ने गरी व्यवस्थापन मिलाईएको ।
- यस वर्षको मनसुन सिजनमा जिल्लामा भएको क्षति भएका पूर्वाधारहरु खासगरी सडक, पुल, भवन, सिंचाईका कुलो/नहर, खानेपानीको योजना आदिको यथाशिघ्र मर्मत सम्भारको व्यवस्था विषयगत कार्यालय र स्थानीय तहहरूले मिलाउने । त्यसको लागि थप वजेट आवश्यक परे सम्वन्धित स्थानीय तह र विषयगत कार्यालयले लगत इष्टिमेट गरि विगाग/मन्त्रालयमा थप वजेट निकासाको लागि लेखि पठाउन निर्देशन दिईएको ।
- यस जिल्लाको अत्यन्त उर्वर क्षेत्र मानिने माडी फाँटमा तिनाउ नदिले डुवान र कटानबाट वर्षै पिच्छे ठूलो क्षति पुर्याउदै आएको र यस वर्ष उक्त समस्या झन जटिल वन्न गएको हुँदा डिभिजन सिंचाई कार्यालयले सम्वन्धित स्थानीय तहहरुसंगको समन्वयमा उक्त नदि नियन्त्रणको लागि गुरुयोजना बनाई कार्यान्वयन गर्न तत्काल पहल गर्न निर्देशन दिईएको ।

- यस जिल्लाको रामपुर देखि आर्यभञ्जाङ्ग-रिव्दिकोट -छहरा हुँदै अर्घाखाँची जिल्ला जाने सडक प्रदेश गौरवको योजनामा समावेस भएता पनि हाल उक्त सडक अत्यन्त खराव अवस्थामा रहेको र सवारी साधन गुड्नै नसक्ने अवस्था रहेकोले सडक पूर्वाधार कार्यालयलाई उक्त सडक खण्डको तत्काल मर्मत सम्भार र निर्माणको लागि आवश्यक प्रकृया अगाडि बढाउन निर्देशन दिईएको ।
- पाल्पा जिल्लामा मुख्यतया घट्ने खासगरी बाढी, पहिरो, आगलागी र सडक दुर्घटना हुँदा तत्काल खोज तथा उद्धारको लागि आवश्यक पर्ने सामाग्रीहरु गत आर्थिक बर्षको अन्तसम्म स्थानीय तहले अत्यन्त न्यून मात्रामा खरिद वा व्यवस्थापन गरेको देखिएको हुँदा कुनै पनि घट्नामा तत्काल खोज, उद्धार तथा राहतका लागि सबै पालिकाहरुले प्रर्याप्त सामाग्री खरिद गरी नजिकको सुरक्षा निकायमा राख्ने व्यवस्था मिलाउन DEOC/LEOC को समन्वयात्मक बैठक बसी निर्णय गरेको ।
- राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नु पर्ने कारवाहीको कार्यविधि २०७५, को दफा बमोजिम जिल्ला स्तरीय समन्वय समितिको बैठक बसी पाल्पा जिल्लाको राजमार्ग सुरक्षा कार्य योजना २०८० र रोष्टर तयार गरि कार्यान्वयन गरिएको ।
- विपद्सँग सम्वन्धित कृत्रिम घटना अभ्यास तथा तालिम (Simulation and Drill) सुरक्षामा खटिने कर्मचारीहरु लगायत सरोकारवालाहरुको लागि विपदको समयमा विभिन्न निकायहरुको संस्थागत जिम्मेवारी स्पष्ट पार्न र अन्तरनिकाय सम्पर्क एवं समन्वयको लागि पूर्वतयारी गर्नको लागि मिति २०८०/०६/१३ गते तानसेन नगरपालिका वडा नं. ६ टुंडिखेलमा आगलागीको (Fire Fighting) कृत्रिम घटनाको अभ्यास गरिएको ।
- विपद् प्रभावितहरुलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त राहत वितरण गरिएको । यस त्रैमासिक अवधिमा विपदका घटनाका पिडितहरुलाई तत्काल उद्दार र राहतको ब्यबस्था मिलाईएको । यस अबधिमा विपद् बाट १२ जनालाई तत्काल उद्धार राहत वितरण जम्मा रु.१,४०,०००/- रकम उपलव्ध गराईएको ।
- प्रदेश तर्फको बजेटवाट यस त्रैमासिक अवधिमा ५ जनालाई आगलागी राहत भुक्तानी रकम रु. १,५०,०००/- उपलब्ध गराईएको।

## १३. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः-

(क) कार्यालय प्रमुखः-

नाम :बन्धु प्रसाद बास्तोला

पद : प्रमुख जिल्ला अधिकारी

(ख) गुनासो सुन्ने अधिकारी / सूचना अधिकारीः-

नाम :भक्ति सरा राना

पद : सहायक प्रमुख जिल्ला अधिकारी

## १४. ऐन नियम विनियम वा निर्देशिकाको सूचीः-

- स्थानीय प्रशासन ऐन, २०२८
- नागरिकता ऐन तथा नियमावली, २०६३
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४
- संस्था दर्ता ऐन तथा नियमावली, २०३४
- मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ र फौजदारी कसूर निर्धारण तथा कार्यान्वयन ऐन, २०७४
- हातहतियार तथा खरखजाना ऐन, २०१८
- राहदानी ऐन, २०७६
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- सूचनाको हक सम्बन्धी नियमावली, २०६५
- गृह प्रशासन सुधार कार्य योजना, २०७८
- नागरिकता वितरण कार्यविधि निर्देशिका
- मन्त्रालयबाट भएका परिपत्रहरु

## १५. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण (आ.व. ०८०/०८१ को श्रावण, भाद्र र असोजसम्मको)

→ कुल राजस्व रु. १,६६,३१,२७०/-

→ कुल खर्च रकम

चालु खर्च रु. ५२,२४,८९३/- २६.२२%

पूंजीगत खर्च रु. १,८७,५००/- १२.५०%

## १६. तोकिए बमोजिमका अन्य विवरणः

---

## १७. अघिल्लो आर्थिक वर्षमा यस कार्यालयले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए

## १८. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरणः-

→वेभसाईटः- http://daopalpa.moha.gov.np

→ईमेलः- daopalpa@gmail.com


→Facebook :- https://www.facebook.com/dao.palpa.148

→ फोन नं. ०७५-५२०१२३, ०७५-५२०१२४, ०७५-५२०१२५, ९८५७०६०३३३

**१९. यस कार्यालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण :-** नभएको ।

**२०. यस कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः**

**२१. यस कार्यालयले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनहरु :-**




**१.लागु औषध नियन्त्रण सम्वन्धि युवा लक्षित सचेतना कार्यक्रम** स्वस्थ, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माण गर्ने उद्धेश्यले खास गरी जोखिम समूहका युवा युवतीहरुमा लागू औषधको दुरुपयोग तथा दुर्व्यसनको कारण निम्तिने समस्या र अबैध ओसार पसार नियन्त्रण सम्वन्धी विविध जानकारी गराउन प्रमुख जिल्ला अधिकारी श्री बन्धु प्रसाद बास्तोलाज्यूको अध्यक्षतामा मिति २०८०/५/२४ गते तानसेन नगरपालिका स्थित त्रिभुवन बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी लागु औषध नियन्त्रण सम्वन्धि युवा लक्षित सचेतना कार्यक्रम सम्पन्न गरिएको थियो ।लागु औषध दुरुपयोग न्यूनिकरण विषयका सहजकर्ता प्रहरी उपरिक्षक हेरम्ब शर्मा र आत्महत्या न्यूनिकरण विषयका सहजकर्ता डा.विवेक भण्डारी रहनु भएको यस कार्यक्रममा सहभागीहरुको संख्या १२२ जना रहेको थियो ।





**२.अर्ध न्यायिक र सुरक्षा निकायमा कार्यरत कर्मचारीहरुका लागि न्यायिक क्षमता अभिबृद्धि कार्यक्रम :** यस जिल्लामा अर्ध न्यायिक तथा सुरक्षा निकायमा कार्यरत कर्मचारीहरुका लागि न्यायिक क्षमता अभिवृद्धि गर्ने उद्धेश्यले प्रमुख जिल्ला अधिकारी श्री बन्धु प्रसाद बास्तोलाज्यूको अध्यक्षतामा मिति २०८०/६/१२ गते अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो ।कार्यक्रममा अर्ध न्यायिक निकायले न्याय सम्पादन गर्दा ध्यान दिनु पर्ने विषयहरुमा जिल्ला न्यायाधिश माननीय कमल राज विष्टज्यूले र मुद्धाका प्रकारहरु र अपराध अनुसन्धामा पत्ता लगाउनु पर्ने तथ्यहरुका विषयमा जिल्ला न्यायाधिवक्ता डा. सूर्य प्रसाद पौडेलले सहजीकरण गर्नु भएको थियो ।








**२.प्रहरी कर्मचारीहरुका लागि राजश्व सम्वन्धी अभिमुखिकरण कार्यक्रम :** जिल्ला प्रशासन कार्यालयको आयोजनामा प्रमुख जिल्ला अधिकारी श्री बन्धु प्रसाद बास्तोलाज्यूको अध्यक्षतामा मिति २०८०/६/१२ गते प्रहरी कर्मचारीहरुका लागि राजश्व सम्वन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो ।यस जिल्लामा Digital Governence मार्फत आर्थिक सुशासनको लागि राजश्व चुहावट घटाउन, आर्थिक विचलन नियन्त्रण गर्न, Web मा आधारित Vechile and consignment tracking system (VCTS) र भन्सार प्रज्ञापन पत्र कसरी चेक जाँच गर्नु पर्दछ आदि विषयमा सहजीकरण गरिएको थियो । कार्यक्रममा आन्तरिक राजश्व कार्यालय, बुटवलका प्रमुख ध्रुव पोखरेल, कर अधिकृत सुभाष पोखरेल र राजश्व अनुसन्धान कार्यालय, बुटवलका अनुसन्धान अधिकृत हुम बहादुर पाण्डेले सहजीकरण गर्नु भएको थियो।










## ३.कृत्रिम अभ्यास कार्यक्रम :

यस जिल्लामा विपद्सँग सम्वन्धित कृत्रिम घटना अभ्यास तथा तालिम (Simulation and Drill) सुरक्षामा खटीने कर्मचारीहरु लगायत सरोकारवालाहरुको लागि विपद्को घटनाको परिकल्पना गरी अग्रिम अभ्यास मार्फत विपदको समयमा विभिन्न निकायहरुको संस्थागत जिम्मेवारी स्पष्ट पार्न र अन्तरनिकाय सम्पर्क एवं समन्वयको लागि पूर्वतयारी गर्नको लागि आगलागीको (Fire Fighting) घटनाको अभ्यास गरिएको थियो । आगलागीको घटनालाई परिकल्पना गरी गरिएको कृत्रिम अभ्यास मिति २०८०/०६/१३ गते तानसेन नगरपालिका वडा नं. ६ टुंडिखेलमा सम्पन्न गरिएको थियो ।










प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बास्तोलाको अध्यक्षतामा संचालन भएको कार्यक्रमको प्रमुख अतिथी तानसेन नगरपालिकाका नगर उपप्रमुख प्रतिक्षा सिंजाली गाहा, सहायक प्रमुख जिल्ला अधिकारी भक्ति सरा राना, जिल्लाका सुरक्षा निकायका प्रमुखहरु, नेपाल रेडक्रस सोसाईटी पाल्पा शाखाका सभापति बाबुराम कार्की र विपद ब्यवस्थापनका सरोकार निकायका प्रमुख/प्रतिनिधीहरु, संचारकर्मी र सर्वसाधारणहरुको उपस्थिति रहेको थियो । यस अभ्यासलाई अत्यन्तै महत्व दिई संचारकर्मीहरुबाट कान्तिपुर टेलिभिजन लगायत अन्य पत्र पत्रिकाहरुमा समाचार संप्रेषित गरेका थिए ।

## २२. यस कार्यालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः-

सूचना माग गरेको संख्या ३ वटा, सूचना उपलव्ध गराईएको संख्या ३ वटा

## २३. यस कार्यालयलको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः-

कार्यालयको WebSite (https://daopalpa.moha.gov.np) र

Facebook (https://www.facebook.com/dao.palpa.148) मा प्रकाशन गर्ने गरिएको ।

## २४. नवप्रवर्द्धनात्मक क्रियाकलापहरुः-

- प्रमुख जिल्ला अधिकारीज्यूको निर्देशनमा मिति २०८०/६/२३ गते बुटवल-पाल्पा सडकखण्डमा चल्ने भाडाका सवारी चेकजाँच गरी भाडादर र सवारी साधनहरुले महिला, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुलाई नेपाल सरकारले तोके बमोजिम दिनु पर्ने आरक्षित शिट र भाडामा सहुलियत प्रदान गरे नगरेको विषयमा निरीक्षण तथा अभिमुखिकरण गरिएको र मापदण्ड विपरित सवारी चलाउने १५ वटा चालकलाई जरिवाना गरिएको ।
- कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई सेवा सम्बन्धी सहजताको लागि नागरिक सहायता कक्ष (Help Desk) को व्यवस्था गरिएको।
- कार्यालयको सौन्दर्यकरण गर्नुका साथै पूर्णरुपमा सेवाग्राही मैत्री बनाइएको।
- सेवाग्राहीका लागि लैङ्गिकमैत्री शौचालयको व्यवस्था गरिएको ।
- दुधे बालबच्चा लिई आउने महिला सेवाग्राहीको लागि स्तनपान कक्षको व्यवस्था गरिएको।
- कार्यालय परिसरमा सेवाग्राहीको सुबिधाको लागि प्रतिक्षालय र पर्याप्त मात्रामा बेन्चहरुको व्यवस्था गरिएको ।
- पालो पर्खने सेवाग्राहीलाई घाम र बर्षातबाट जोगिन छानोको (Truss) व्यवस्थापन गरिएको ।

# जिल्ला प्रशासन कार्यालय, पाल्पा

Website: http://daopalpa.moha.gov.np

Email : daopalpa@gmail.com

Facebook page: https://www.facebook.com/dao.palpa.148

Facebook Id : जिल्लाप्रशासनकार्यालय, पाल्पा

Contact Number: 075-520125 / 520124